**आज मिति २०७७ साल भाद्र १२ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**<u>प्रस्तावहरु</u>**

१. माण्डवी गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणीय परिक्षण कार्यविधी २०७७ सम्बन्धमा ।

२. प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसूची तयार सम्बन्धमा ।

३.प्राविधिक समिति गठन सम्बन्धमा ।

४. Detail project Report (DPR) सम्बन्धमा ।

५. प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

६. घर अभिलेखीकरण सम्बन्धमा ।

७. आर्थिक सहायता सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा माण्डवी गाउँपालिका संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भीक वातावरणिय परिक्षण कार्यविधी २०७७, पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिका संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भीक वातावरणिय परिक्षण कार्यविधी २०७७ को परिच्छेद-२ को दफा(३) मा प्रस्ताव छनोट तथा सूची तयार गर्ने सम्बन्धमा भएको ब्यवस्था अनुसार अनुसूची ३ र अनुसूची - ४ बमोजिमको कार्यसूची माण्डवी गाउँपालिकामा रहेको वातावरण विषय हेर्ने शाखाले गर्ने ब्यवस्था भए बमोजिम उक्त शाखामा विषय विशेषज्ञताको अभाव रहेकोले सो कार्यसूची बनाउन भूमि इन्जिनियरिङ्ग कन्सोर्टोसिम ललितपुर, नेपाललाई दिने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा संक्षिप्त वातावरणिय परिक्षण सम्बन्धि कार्यसूची प्राविधिक पदहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न कार्यपालिकाले देहाय बमोजिम पदाधिकारी रहने गरि प्राविधिक समिती गठन गर्ने निर्णय गरियो ।

क) प्रारम्भीक संक्षिप्त शाखा प्रमुख- संयोजक

ख) योजना तथा कार्यक्रम सम्बन्धीत क्षेत्रको विज्ञ ( अधिकृत छैठौं) - सदस्य

ग) वातावरण तथा विपद् ब्यवस्थापन विषय हेर्ने शाखा प्रमुख-सदस्य

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ का लागि वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत संघीय सरकारबाट विशेष अनुदानमा संचालन हुने अरङ्गखोलामा वृहत कृषि पकेट कार्यक्रम र कुल लेखमा पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि विस्तृत

परियोजना प्रतिवेदन तयार गर्ने तथा सोको लागत पूजिंगत अनुसन्धान तथा परामर्श शिर्षकबाट गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा एकिकृत कृषि तथा पशु पन्छि विकास कार्यालय, प्यूठानको ब्लक विकास संचालन गर्न लागेको सन्दर्भमा माण्डवी गाउँपालिका वडा नं. ४ बाख्रापालनका लागि उपयुक्त स्थान रहेको तथा धेरै कृषकहरुले बाख्रा समेत पाल्दै आईरहेको हुँदा त्यस क्षेत्रलाई बाख्राको पकेट क्षेत्रको रुपमा विकास गर्न एकिकृत कृषि तथा पशु पन्छि विकास कार्यालय प्यूठानलाई माग गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत निर्माण सम्पन्न भएका कच्चि र पक्कि घरलाई नियमानुसार अभिलेखिकरण गर्ने तथा अभिलेखिकरणका लागि मात्र नक्सा पास अनिवार्य नहुने तथा निर्णय सम्पन्न भएका पुराना घरहरुको निर्माण सम्पन्न पश्चात नक्सापास गाउँपालिकाबाट नहुने र पक्कि घरको अनिवार्य रुपमा नक्सापास पास गरेर गरेर मात्र घर निर्माण गर्न गाउँपालिकालाई आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७. माथि छलफल गर्दा माण्डवी गाउपालिका वडा नं. १ थक्लेनी निवासी तनी थापाको २ वर्षिया छोरा थारुप थापालाई मेनिञ्जाटिस ( टाउकाको ज्वरो) आई उपचारका लागि जिल्ला अस्पताल प्यूठानमा लगेको तथा थप उपचारको लागि बुटवल लैजानु पर्ने भएको हुँदा आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले निज विरामीको उपचारमा सहयोग गर्न प्यूठान देखि बुटवल सम्मको एम्बुलेन्स खर्च थप २० हजार नगद सहयोग गर्ने निर्णय गरियो ।

.....................................

प्रमाणित गर्ने

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत